# मदाने गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## पुर्कोटदह, गुल्मी
## ५ नं. प्रदेश, नेपाल

वडा कार्यालय भवन निर्माण सम्बन्धि बोलपत्र आह्वान सम्बन्धि सूचना

(सूचना प्रकाशित मिति २०७५/०९/०५)

मदाने गाउँपालिकाको ५ नं. वडा कार्यालय भवन निर्माण कार्य बोलपत्रद्वारा गराउनु पर्ने भएकोले इजाजत प्राप्त इच्छुक नेपाली निर्माण व्यवसायीका लागि निम्न शर्तहरुको अधिनमा रहि रितपूर्वकको बोलपत्र आह्वान गरिन्छ।

शर्तहरु :

१. बोलपत्र फारम यस कार्यालयबाट यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र प्रोप्राइटर वा निजको अधिकृत प्रतिनिधिबाट पछि फिर्ता नहुने गरि रु. ३०००।- अक्षरुपी तीन हजार रुपैयाँ मात्र दस्तुर तिरी खरिद गर्न सकिने छ।

२. बोलपत्र खरिदका लागि पेश गर्दा निवेदन, उद्योग दर्ता प्रमाणपत्र, ठेक्का (इजाजत) प्रमाणपत्र (नविकरण सहित) स्थायी लेखा नम्बर, मु.अ. कर प्रमाणपत्रको प्रतिलिपी, आ.व. २०७४/०७५ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपी र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी सहित कार्यालय समयमा सूचनाको म्याद भित्र पेश गर्नुपर्ने छ।

३. खरिद भएको बोलपत्र फाराममा उल्लेख भएका सबै विवरणहरु प्रष्ट सँग भरी निर्माण व्यवसायीले प्रत्येक पानामा सहीछाप गरि नियमानुसार यो सूचना प्रकाशन भएको मितिले ३१औं दिन दिनको १२ बजे भित्र यस मदाने गाउँपालिकाको कार्यालय, पुर्कोटदहमा दर्ता गर्नु पर्नेछ, दर्ता भएका बोलपत्र सोही दिन दिनको २ बजे यस कार्यालयमा उपस्थित बोलपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधीहरुको रोहबरमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

४. बोलपत्र खरिद गर्ने अन्तिम दिन वा बुझाउने दिन सार्वजनिक बिदा पर्न गएमा सो को लगत्तै कार्यालय खुलेको दिन बोलपत्र फारम खरिद गर्न वा बुझाउन सकिने छ।

५. बोलपत्रको खाम बाहिर ठेक्का नम्बर, कामको विवरण र बोलपत्रदाताको नाम, ठेगाना र फोन नं. स्पष्ट लेखी यस कार्यालयलाई सम्बोधन गरि सो खामलाई शिलबन्दी गरी पेश गर्नुपर्ने छ।

६. बोलपत्र साथ तपसिल अनुसारको धरौटी वा जमानत बापतको रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंकमा रहेको धरौटी खाता नं. ३०१०३०३००७११३ मा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबर यस कार्यालयको नाममा जारी गरिएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको बाणिज्य बैंकहरुबाट बोलपत्र पेश गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको बैंक जमानत ( बिडबन्ड सक्कल प्रति) पेश गर्नु पर्नेछ।

७. बोलपत्रदाताले दररेट उल्लेख गर्दा मूल्य अभिबृद्धि कर बाहेकको दररेट अंक र अक्षर दुबैमा स्पष्ट लेख्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ।

८. एउटा फर्मको नामबाट खरिद गरिएको बोलपत्र फारम अर्को फर्मका नाममा दाखिला गर्न पाईने छैन।

९. संयुक्त उपक्रम (जे.भी.) मा काम गर्ने निर्माण व्यवसायीले संयुक्त लगानी सम्बन्धी सम्झौता सक्कल प्रति पेश गर्नु पर्नेछ। संयुक्त उपक्रममा साझेदारको संख्या ३ भन्दा बढी भएमा स्वीकार गरिने छैन।

१०. कुनै शर्त राखी पेश गरेको, सूचनाको शर्त विपरित भएको, कार्यालयबाट उपलब्ध गराईएको बोलपत्र फाराममा कुनै थपघट गरिएको, रित नपुगेको, म्याद नाघी पेश हुन आएको बोलपत्र उपर कुनै कारबाही गरिने छैन तथा बोलपत्र आंशिक रुपमा वा पुरै स्वीकृत गर्ने, नगर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

११. अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) एवं प्रचलित ऐन नियम अनुसार हुनेछ।

१२. कुनै किसिमको परिस्थिती देखाई ठेक्का रकम मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुने छैन।

१३. प्रचलित ऐन, नियम, कानुन, सम्झौता र सूचनाको शर्त विपरित कार्य गरेमा जुनसुकै अवस्थामा कार्यालयले ठेक्का तोड्न सक्ने छ। त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकिं सरह असूल उपर गरिने छ।

१४. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयको फोन नं. ९८४७५९१४४९ र ९८५७०६७५०९ मा सम्पर्क राख्न सकिने छ। यो सूचना www.madanemun.gov.np मा Download गरि हेर्न सकिने छ।

तपसिल

| ठेक्का नं. | कामको विवरण | लागत अनुमान रकम मु.अ. कर बाहेक | बोलपत्र जमानत बापतको रकम | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|
| एन.सी.बी. २०७५/०७६/१ | मदाने गाउँपालिका ५ नं. वडा कार्यालयको भवन निर्माण | रु. २९,७३,६१६।५६ | कबोल अंकको ५ प्रतिशत | ३,०००।- |

.............................

सुरेश भण्डारी

प्रमुख प्रशासकीय अधिकृत